मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

प.सं.:
च.नं.:

## SEE परीक्षार्थीहरुलाई हार्दिक शुभकामना !

मिति २०७९ साल चैत्र १७ गतेदेखि सञ्चालन हुने SEE परीक्षामा सहभागी हुने सम्पूर्ण परीक्षार्थीहरुलाई सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जङ्गबहादुर राणाले दरबारभित्र आफ्ना सन्तानलाई शिक्षा प्रदान गर्ने उद्देश्यले खोलिएको दरबार हाइस्कुलका विद्यार्थीहरु आजभन्दा झण्डै ९० वर्ष पहिला वि.सं. १९९० सालमा पहिलोपटक एसएसलसी परीक्षामा समावेश भएका थिए । समयक्रमसँगै हाल १० जोड २ सम्मलाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरिएको भएतापनि कक्षा १० को अन्तिम परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (Secondary Education Examination-SEE) को रुपमा सञ्चालन गरिएको छ । यस परीक्षालाई उच्च शिक्षा अध्ययनको लागि आधार परीक्षाको रुपमा समेत लिने गरिएबाट यो परीक्षालाई तुलनात्मक रुपमा बढी महत्वका साथ हेर्ने गरिन्छ । आम जनमानसमा हिजो एसएलसी परीक्षालाई फलामे ढोकाको रुपमा परिभाषित गर्ने गरिएको भएतापनि विद्यार्थीहरुको आधुनिक प्रविधिमा पहुँच, बालमैत्री र दण्डरहित शिक्षा प्रणाली, नतिजामा ग्रेडिङ पद्धती जस्ता कारणले आज यो परीक्षालाई विद्यार्थीहरुले सहजरुपमा लिने गरिएको पाइन्छ ।

देशभरीबाट करिब पाँच लाख परीक्षार्थी सहभागी हुने आजको परीक्षामा गण्डकी प्रदेशबाट नियमित तर्फ ४१,५१६, प्राविधिक धार तर्फ १,३७६ र ग्रेडबृद्धि तर्फ २७२ गरी कुल ४३,१६४ जना परीक्षार्थी सहभागी हुँदै छन् । म सम्पूर्ण भाइबहिनीहरुलाई परीक्षा सफलताको कामना गर्दै शिक्षाको उच्चतम् विन्दुसम्म पुग्न सफल हुनुहुनेछ भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

मितिः २०७९ चैत्र १७ गते शुक्रबार ।

(खगराज अधिकारी)
मुख्यमन्त्री